जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः २४ पृष्ठः ४ | २०८३ बैशाख ३० बुधबार (Wednesday 12 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सडक खोल्न युवक रुखमा बाँधिएको घटनामा वडाध्यक्षविरुद्ध जाहेरी दर्ता

**वडाध्यक्ष जीवछ यादवसहितको टोली डोजर लिएर सडक खाली गराउन पुगेको थियो। त्यसक्रममा वीरेन्द्र साहले विरोध जनाएपछि उनलाई कुटपिट गर्दै रुखमा बाँधेर त्यहाँ बनेका संरचना डोजरले भत्काइएको भनिएको छ।**



सिरहा, २९ वैशाख। सिरहामा एक युवकलाई रुखमा बाँधेर अमानवीय व्यवहार गरिएको घटनामा आरोपी वडाध्यक्षसहित पाँच जना विरुद्ध नेपाल प्रहरीमा जाहेरी दर्ता भएको छ। औरही गाउँपालिका- ३ का वडाध्यक्ष जीवक्ष यादवसहित पाँचजनाविरुद्ध अभद्र व्यवहार सम्बन्धी कसुरमा जिल्ला प्रहरी कार्यालय(जिप्रका) सिरहामा जाहेरी दर्ता भएको हो।

जिप्रका प्रमुख प्रहरी उपरीक्षक( एसपी) वासुदेव पाठकका अनुसार वडाध्यक्ष यादवबाहेक हेमा यावद, रामबाबु यादव, मुकेश यादव, सुदीप यादव र विसुन यादवविरुद्ध पीडित पक्षले जाहेरी दिएका थिए। पक्राउ परेकाहरूविरुद्ध सडक खाली गराउने नाममा औरही गाउँपालिका-३ का स्थानीय वीरेन्द्र साहलाई रुखमा बाँधेर अभद्र व्यवहार गरिएको आरोप छ।

'पीडित पक्षबाट आएको जाहेरी दर्ता भएको छ। अब पक्राउ अनुमति लिएर अनुसन्धान अघि बढाउँछौं,' एसपी पाठकले भने, 'अनुसन्धानका क्रममा जसको जस्तो भूमिका देखिन्छ, त्यसअनुसार कानुनी कारबाही हुन्छ।' प्रहरीका अनुसार औरही-३ को पिपरा टोलमा एक वर्षअघि कृषि सडक निर्माण गरिएको थियो। सडक विस्तारका क्रममा वीरेन्द्र साहको जग्गा एकतर्फी रूपमा प्रयोग गरिएको भन्दै विवाद उत्पन्न भएको थियो। विवादकै कारण उक्त सडक सञ्चालनमा आउन सकेको थिएन।

सोमबार वडाध्यक्ष जीवछ यादवसहितको टोली डोजर लिएर सडक खाली गराउन पुगेको थियो। त्यसक्रममा वीरेन्द्र साहले विरोध जनाएपछि उनलाई कुटपिट

**-बाँकी तीन पेजमा**

## सवै विद्यालयलाई हिउँदे र बर्षे बिदा घटाउन परिपत्र

सिरहा, २९ बैशाख। सातामा दुई दिने बिदा निर्णयलाई ध्यानमा राखेर सरकारले विद्यालयमा हुने हिउँदे र बर्षे बिदा घटाउन परिपत्र गरेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्रले मंगलबार सबै शिक्षा विकास तथा समन्वय एकाइ, स्थानीय तह र विद्यालयलाई निर्णय कार्यान्वयन गराउन परिपत्र गरेको हो। केन्द्रका निर्देशक डा. श्यामप्रसाद आचार्यले जारीगरेको पत्रमा शिक्षण संस्थामा शनिबार र आइतबारको बिदा दिन भनिएको छ।

दुई दिने बिदाले गर्दा पाठ्यक्रमले तोकेअनुसारको कार्यघण्टालाई असर नपर्ने गरी अन्य व्यवस्था गर्न ६ बुँदे निर्देशन दिइएको छ। 'प्रत्येक दिन प्रार्थना समय १५ मिनेट र खाजा समय ३० मिनेट व्यवस्थापन गर्ने,' पत्रमा भनिएको छ। त्यस्तै, सोमबारदेखि शुक्रबारसम्म पूरा समय पठनपाठनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्न भनिएको छ। यससँगै हिउँदे र बर्षे विदाको अवधि ३० दिन कायम गर्न पत्राचार गरिएको छ। यसअघि हिउँदे र बर्से बिदा ४५ दिन हँदै आएको थियो।

यससँगै पहिलो र दोस्रो त्रैमासिकमा गरिने आन्तरिक मूल्यांकनलाई पठनपाठन भएकै दिन वा पठनपाठनमा असर नपर्ने दिनमा गर्नेगरी व्यवस्थापन गर्न भनिएको छ। अन्तिम परीक्षा तथा नतिजा प्रकाशनका लागि शैक्षिक सत्रको अन्तिम १२ दिनलाई उपयोग गर्न सुझाइएको छ।


चुलो, ग्याँस अनि बिजुलीको तार
ध्यान दिएन भने हुन सक्छ ठूलो मार
सुत्नु अघि जाँच गरौं, आगलागी समयमै टारौं।

**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

## बेवारिसे शवको दुई दिनपछि सनाखत

**जनार्जन खत्री**

सर्लाही, २९ वैशाख। सर्लाहीको गोडैता नगरपालिका-६, बगदहस्थित चिनी मिलनजिकै जलकुम्भी घारीमा फेला परेको शव बेवारिसे शवको दुई दिनपछि मंगलबार पहिचान खुलेको छ। आइतबार अपरान्ह चिनी मिलनजिक हुलाकी राजमार्गको किनारमा सडिसकेको अवस्थामा बेवारिसे पुरुषको शव फेला परेको थियो। उक्त शव सर्लाहीको बलरा नगरपालिका -६, का ६२ वर्षीय तेज हजारीको रहेको पुष्टि भएको हो। मृतकको छोरा शिवराज हजारी सम्पर्कमा आएर मंगलबार शवको सनाखत गरेका जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी सरोज राईले जानकारी दिनुभयो। उहाँका अनुसार सडिसकेको शव प्रादेशिक अस्पताल मलंगवामा पोस्पमार्टम गरी छोरालाई जिम्मा लगाइएको छ। हजारीको मृत्युको कारण भने खुल्न सकेको छैन। परिवारका अनुसार मानसिक सन्तुलन ठिक नरहेका हजारी बैशाख २१ गतेदेखि घरबाट बेपत्ता भएका थिए। प्रहरीले मृतकको साथमा फेला परेको मोवाइलबाट पहिचान खुलाउन सफल भएको जनाएको छ।




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**सम्पदा जोगाऔं, पहिचान बचाऔं।**

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुऱ्याऔं।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।
- पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
- पुराना सम्पदाहरूको मर्मत सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।

**सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## राज्य संस्थाकै मर्यादामाथि प्रश्न

संसद्को संयुक्त बैठकमा राष्ट्रपतिको सम्बोधन भइरहँदा प्रधानमन्त्री बीचैमा उठेर हिँडेको घटना सम्भवतः संसारकै संसदीय इतिहासमा दुर्लभ होला। नेपालका प्रधानमन्त्री बालेन्द्र शाहले भने सोमवार संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको वार्षिक नीति तथा कार्यक्रम वाचन गरिरहेकै बेला बीचैमा बैठक छाडेर बाहिरिएको नयाँ कीर्तिमान बनाएका छन्। विपक्षीहरूले प्रधानमन्त्री शाहको यस व्यवहारलाई 'अशोभनीय', 'संसदीय मर्यादाको उल्लंघन' तथा अमर्यादित, अभद्र र गैरजिम्मेवार प्रवृत्तिको संज्ञा दिएका छन्। प्रधानमन्त्री शाहको दल राष्ट्रिय स्वतन्त्र पार्टीबाट भने अहिलसम्म यस अशोभनीय व्यवहारका सम्बन्धमा कुनै धारणा सार्वजनिक भएको छैन।

संसदीय लोकतन्त्र लामो अभ्यास र परम्पराबाट विकसित हुँदै आएको हुनाले यसका केही निश्चित् मान्यता तथा स्थापित अभ्यास छन्। संसदभित्रको आवागमनमात्र होइन बसाइ, बोलाइ र भाषासमेत संसदीय हुनुपर्छ भन्ने मान्यता विश्वका सबै संसद्हरूमा प्रचलित छ। संसद्भित्र असंसदीय शब्द, भाषा र व्यवहार प्रकट भएमा अभिलेखबाटै हटाएर अस्वीकार गरिन्छ। प्रधानमन्त्री शाहको यो विवादास्पद व्यवहार भने संसदीय त हुँदै होइन मर्यादित पनि मान्न सकिँदैन। यद्यपि, संसदीय आचरण उनका लागि नौलो भएकाले शाहले त्यसरी बीचैमा बैठक छाड्न नहुने थाहा नै नपाएको पनि हुनसक्छ। जेहोस्, यो घटना विश्वको संसदीय इतिहासमा असंसदीय आचरणका रूपमा उल्लेख हुनेछ।

संसद्को मर्यादा हनन हुँदा सबैभन्दा बढी हानि भने प्रधानमन्त्रीकै हुन्छ। कारण संसद्को प्रमुख सभामुख भए पनि नेता त प्रधानमन्त्री नै हो। राष्ट्रपतिले संसद्को संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रमलाई विशेष महत्त्व दिने परम्परा छ। यस दिन संसद् भवनमा राष्ट्रपतिको आगमन विशेष समारोहपूर्वक हुनुले पनि यसलाई पुष्टि गर्छ। संसदीय लोकतन्त्र भएका मुलुकहरूमा राष्ट्राध्यक्षको सम्बोधनमा अमर्यादित व्यवहार गर्दा संसद्को मानहानि ठहरिन्छ। त्यस्तो अवस्थामा पदबाट राजीनामादेखि क्षमायाचनासम्म हुने गरेका उदाहरण छन्। राष्ट्राध्यक्षको सम्बोधनमा विपक्षीले अवज्ञा गर्दा भारतमा सांसदहरू निलम्बित गरिएका थिए। सत्ता पक्षले मर्यादाहीन व्यवहार देखाएको उदाहरण त बिरलै पाइन्छ।

यस घटनाले सरकारको नीति तथा कार्यक्रमप्रति नै प्रधानमन्त्रीको अनादर झल्काएको छ भने यसलाई सामान्य मानियो भने भविष्यमा अन्य सदस्यहरूले पनि राष्ट्रप्रमुखको उपस्थितिलाई हल्का रूपमा लिने खतरा रहन्छ। प्रधानमन्त्री स्वयं त्यस अराजकताका सिकार बन्न सक्छन्। साथै विश्वका अरू लोकतान्त्रिक देशहरूले यस्ता व्यवहारलाई अराजकताको संकेतको रूपमा हेर्ने हुनाले देशकै अन्तर्राष्ट्रिय साखमा समेत आघात पुग्न सक्छ। प्रतिनिधि सभामा प्रधानमन्त्री शाहको दल राष्ट्रिय स्वतन्त्र पार्टीको झन्डै दुईतिहाइ बहुमत छ। सैद्धान्तिक स्पष्टता र लोकतान्त्रिक प्रतिबद्धता नभएको दलका भएकाले रास्वपाका लागि विपक्षका दृष्टिमा असंसदीय र अशोभनीय ठहरिएको प्रधानमन्त्री बालेन्द्र शाहको आचरण खासै आपत्तिजनक नलाग्न पनि सक्छ।

तर, संसद्को संयुक्त बैठकमा राष्ट्रपतिकै सामु शाहको संसदीय मर्यादाविपरीतको व्यवहारले अराजकता बढाउन सक्छ। र, अहिले देशमा अराजकता बढ्यो भने सबैभन्दा गुमाउने त रास्वपाले हुन्छ। रास्वपाका लागि मर्यादाको कुनै अर्थ छ भने यस प्रकरणमा उसले प्रधानमन्त्री शाहसँग स्पष्टीकरण माग्नु उचित हुनेछ। रास्वपाले पुराना गलत परम्परा तोड्ने नाममा स्थापित लोकतान्त्रिक मूल्य मान्यता नै भत्काउनु प्रत्युत्पादक हुन सक्छ। संसद्भित्र प्रतिपक्षी दलहरूले यस विषयलाई चर्कोरूपमा उठाउन सक्छन्। संख्या सानो भए पनि विपक्षीहरू एक भए भने संसद्को कामकारबाही नियमित रूपमा सञ्चालन हुनसक्दैन। त्यसैले पनि यो विषयलाई साम्य बनाउन प्रधानमन्त्री शाहले नै आफूले नजानेर वा कुनै बाध्यताका कारण त्यस्तो व्यवहार गरेको हो जानकारी संसद्लाई दिनुपर्छ।

व्यक्तिगत स्वभाव जेजस्तो भए पनि सार्वजनिक पदमा बहाल व्यक्तिले संस्थागत मर्यादा भुल्नु हुँदैन। संसदीय पद्धतिअनसार निर्वाचित संसद्मा बहुमत प्राप्त दलको नेताका हैसियतले प्रधानमन्त्री रहुन्जेल उनले संसदीय मर्यादा र परम्पराको पालना गर्नै पर्छ। यसैले प्रधानमन्त्री शाहले आत्मसमीक्षा गर्दै संसद्मा स्पष्टीकरण दिनु नै यो गल्ती सच्याउने उत्तम विकल्प हुनसक्छ। बैठकबाट बीचैमा बाहिरिँदा सदनको, राष्ट्रपतिको भन्दा बढी अपमान सभामुखको भएको छ। यसैले सभामुखले यस विषयलाई गम्भीरतापूर्वक लिनुपर्छ। प्रधानमन्त्रीले संसदीय मर्यादा पालना गर्न नपर्ने हो भने अरू कसैलाई पनि संसदीय आचरण सम्झाउने नैतिक अधिकार सभामुखको हुनेछैन। विपक्षीहरूले पनि यस विषयलाई संसद् अवरोध गर्ने कारण बनाउनु उचित हुँदैन। सभामुखले 'रुलिङ'मार्फत यस्ता घटना दोहोरिन नदिने सुनिश्चित् गर्नुपर्छ।

# सुकुम्बासीलाई समस्या देख्ने सरकारले भूमिहीन सुकुम्बासीको समस्या देख्नु पर्दैन ?

अमेरिकाका पूर्व राष्ट्रपति जोन एफ. केनेडीले एक पटक भनेका थिए, 'इफ ए सोसाइटी क्यान नट प्रोटेक्ट दि मेनी हु आर पोर, इट क्यान नट सेभ द फ्यु हु आर रिच' अर्थात यदि हाम्रो समाजले बहुसंख्यामा रहेका गरीव मानिसलाई संरक्षण प्रदान गर्न सकेन भने त्यसले अल्पसंख्यक धनिहरुको पनि रक्षा गर्न सक्दैन। अहिले हाम्रो देशमा विद्यमान् सुकुम्बासीको समस्या र त्यसलाई सरकारले जसरी संवेदनाहीन रुपले सम्बोधन गर्न खोज्दैछ, त्यसले केनेडीको उक्त भनाई पुनः स्मरण गराई दिएको छ।

गत वैशाख १२ गते थापाथलीस्थित बाग्मती नदीको किनारामा जसरी सैयौंको संख्यामा आएका बन्दुक भिरेका सशस्त्र सुरक्षाकर्मीहरुले आक्रमक ढंगले त्यहाँका छाप्रा तथा कच्ची घर, टहराहरु २४ घण्टे सूचनाको भरमा भत्काए, त्यहाँ बस्ने भूमिहीन मानिसलाई पक्कै पनि त्यसले ०७२ साल बैशाख १२ को महाभूकम्पको स्मरण गराएको हुनपर्छ। त्यसपछि क्रमशः सिनामंगल गैरीगाउँ, मनहरा, बल्खु, टेकु, बालाजु, कपन गरी दुई हप्ताको समयभित्र करीव आठ हजार घर, टहरा भत्काउने काम भयो। काठमाडौं महानगरपालिका र बालेन सरकारको संयुक्त प्रयासमा १५ हजार भन्दा बढी मानिसहरु घरवार विहीन भएका छन्। त्यसमध्ये आधा जतिले मात्र सरकारसँग सम्पर्क राखे भने आधा जति अझै सम्पर्कविहीन छन्।

कतिपय मानिस यस्तो झरीको समयमा त्यही भत्केको ठाउँमा इट्टाको थुप्रोमा कपडा टाँगेर ओत लाग्ने प्रयास गरिरहेको दयनीय अवस्था पनि देखियो। कतिपयले भत्केका घरका ईंटा खोज्दै थुपारेर दुई-चार छाक टार्ने प्रयास गरिरहेको पनि देखियो। त्यहाँ रहेका केटाकेटी, गर्भवती महिला, बुढाबुढी अपांगहरुको त भन बेहाल भएको दर्दनाक दृष्य सबैका अघिल्तिर छर्लङ्ग छ। केहीलाई कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा त केहीलाई पछि नागर्जुन नगरपालिकास्थित अपार्टमेण्टमा लगियो भने अनि केही अन्यलाई बालाजु, गोंगबूतिरका केही लजहरुमा अस्थायीरुपमा राखेको खबर सार्वजनिक भएको छ। त्यसैमध्येका केहीलाई भने कीर्तिपुरको होल्डिङ सेन्टर तथा बालाजुका लजहरुबाट बनेपास्थित रेडक्रसको भवनमा सारिएको खबरहरु सार्वजनिक भएका छन्।

यद्यपि सुकुम्बासीको नाउमा केही अन्यत्रै घर, जग्गा भएका हुकुम्बासीहरु पनि बस्ने गरेको र उनीहरुले नाजायज फाइदा लिइरहेको भन्ने आरोप पनि लाग्ने गरेको छ, तथापि ती ठाउँहरुमा बस्ने अधिकांश भूमिहीन, सीमान्तकृत तथा विपन्नवर्ग नै भएको पाइएको छ। जे होस् सरकारले उल्टो काम गरेको भन्ने आलोचना सुनिएको छ। पहिले सकुम्बासी बसेका ठाउँमा गइ तथ्यांक संकलन गरी, त्यसलाई केलाई बास्तविक सुकुम्बासी पहिचान गरी अनि वैकल्पिक व्यवस्था गरेर मात्र बस्ती हटाउन पर्नेमा पहिले घर, टहर भत्काएर सुकुम्बासीहरुलाई बेघरबार बनाएपछि उनीहरुलाई होल्डिङ सेन्टरमा राखी अनि बल्ल लगत लिने कार्य सुरु गरेको भन्ने खबर छ।

यसरी सरकारले नागरिकको घरजम गरी बाँच्न पाउने संविधान प्रदत्त अधिकारको ठाडै उल्लंघन गरेर आफ्नो असंवेदनशील व्यवहार र मानवता विरोधी क्रियाकलाप प्रस्तुत गरेको छ। गास-बास-कपास अर्थात, खाना, आवास र कपडा नागरिकहरुको मुलभूत अधिकारमा पर्छ। कुनै पनि सभ्य समाज वा प्रजातान्त्रिक सरकारले जनताको यो अधिकार खोस्न पाउँदैन। यदि कसैले नियम, कानून मिचेरै घर, टहरा बनाएका छन् र उसको अन्य विकल्प छैन भने त्यस्तो अवस्थामा राज्य क्रुर वा कठोर बन्न मिल्दैन। बैकल्पिक व्यवस्थाविना पशुलाई पनि बसेको ठाउँबाट हटाउन मिल्दैन भने मानिसको त कुरै छाडौं।

भारतको मुम्बई जस्तो प्रख्यात व्यापारिक शहरबाट त सरकारले सुकुम्बासी बस्ती हटाउन सकेको छैन, त्यहाँको सरकारले भने हाम्रो जस्तो अविकसीत देशको त के कुरा ? शहर सुन्दर राख्न कसलाई मन नलाग्ला ? शहरका नदी, नाला संरक्षण गरी सफा र सुन्दर बनाउन, वातावरण स्वच्छ राख्न सरकारले प्रयास अवश्य गर्नुपर्छ। तर यति हतारो ठीक छैन्। राजनीतिक नीति वा प्रणाली क्रान्तिको भरमा एकै रातमा बदल्न सकिएला तर समाज, अर्थतन्त्र, जनताको अवस्था एकै दिनमा दबलिँदैन। त्यसलाई क्रान्तिले होइन, उद्विकासबाट बदल्ने प्रयास गरिनुपर्छ। सरकार बनेको महिना दिनमा सबै समस्याको समाधान निकाल्न सकिने हो भने त किन पाँच वर्षको म्याण्डेट चाहियो र ? बिस-तीस वर्षमा थुप्रेको सुकुम्बासी समस्याको २० दिनमा हल खोज्नु कदापि बुध्दिमानी होइन। सुकुम्बासी समस्याको हल गर्न अल्पकालीन र दीर्घकालीन योजना बनाएर लागू गर्न सकिन्छ।

सरकारले आजभोलि ल्याउन लागेको नीति तथा कार्यक्रम र बजेटमा त्यसलाई समावेश गरेर क्रमशः लागु गर्दैजाने हो, यदि परिवर्तनलाई दीगो बनाउने हो भने। त्यसैले पहिले देशभरि कति बास्तविक भूमिहीन छन् भन्ने अध्ययन गरिनुपर्छ। एउटा दीर्घकालीन योजना बनाएर चार-पाँच वर्षको समयमा सुकुम्बासी समस्या समाधान गर्न नसकिने भन्ने केही छैन। सरकारले पहिले समस्या के हो, कति गम्भीर र गहिरो छ, त्यो पत्ता लगाउनुपर्छ। सुकुम्बासी बस्ती हटाई शहरको सौन्दर्यीकरण गर्नु मात्र समस्या होइन, देशका नागरिकले घरवार विहीन भइ गास-बासबाट बञ्चित हुनपर्ने अवस्था आउनु झन् ठूलो समस्या हो सरकारका निम्ति। सहरलाई सुन्दर बनाउनका निम्ती सुकुम्बासी कसरी हटाउने भन्ने मात्र सवाल होइन। सवाल त के हो भने दिनरात काम गर्दा पनि छाक टार्नका लागि उनीहरुले ज्यानै फाल्नुपर्ने अवस्था कसरी सृजना भयो ? के यो सरकारको चासो र उसले लागू गरेको शासन व्यवस्थामाथिकै प्रश्न होइन ?

त्यतातिर ध्यान पुगेको खै ? नागरिकको गास, बास, कपासको व्यवस्थाबाट कुनै पनि जिम्मेवार सरकार पन्छिन मिल्दैन। काठमाडौंका वा बाहिर जिल्लाका सुकुम्बासीको समस्या केवल नगरप्रमुखको वा स्थानीय सरकारको दृष्टिले हेरेर मात्र हुँदैन त्यसलाई समग्र राष्ट्रको समस्याका दृष्टिले हेरिनुपर्छ र त्यसैअनुरुप त्यसको समग्रतामा समाधान खोजिनु पर्छ। राजधानी सहर काठमाडौंको सुकुम्बासी समस्यालाई सम्बोधन गर्दा गरीव, विपन्नवर्ग र धनि वा सम्पन्नवर्गबिच भेदभाव राखिनुहुन्न। गरीब, मजदुर वा सीमान्तकृत वर्ग पनि समाजका अभिन्न अंग हुन्। समाजमा विपन्न वर्ग र सम्पन्न वर्ग एकअर्काका परिपूरककारुपमा मिलेर बसेका हुन्छन्। विपन्नवर्गलाई धन चाहिन्छ त सम्पन्न वर्गलाई श्रम चाहिन्छ र उनीहरु आफूसँग जे छैन त्यो अर्कोसँग साट्छन् र आफनो आवश्यकता पूरा गर्छन्।

यदि भारी बोक्ने, ठेलागाडा चलाउने, धाराको काम गर्ने, सिकर्मी, डकर्मी, फलामको काम गर्ने नकर्मी आदि नहुने हो भने सहरका बासिन्दाको निर्माण तथा सरसफाई सम्बन्धी समस्या कसले समाधान गर्छ ? ती सुकुम्बासी बस्तीमा बस्ने निम्न आय भएका वर्गकै सेवा शहरमा बस्ने सम्भ्रान्त वा सम्पन्न परिवारका मानिसलाई नभइ हुन्न। माली नभए बगैंचा कसले हेर्ने, भरिया नभए भारी कसले बोकिदिने ? डकर्मी, सिकर्मी नभए घर कसले निर्माण गरिदिने ? उदाहरणका निम्ति काठमाडौंको बल्खुस्थित सुकुम्बासी बस्तीमा रहेका करीव चार-पाँच सय घर टहरा हालै डोजर लगाएर भत्काइयो। त्यहाँ अनेक किसिमका मजदुर, कुल्ली, ज्यामी, माली आदि निम्न आय भएका मानिसहरुको बसोबास थियो, जुन उजाड बनाइयो। यदि तिनीहरु कसैलाई काठमाडौंमा बस्न ठाउँ नदिने हो भने भोली हाम्रा फाटेका जुत्ता कसले सिइदिन्छ ? कसले घर वा ट्वाइलेटको सरसफाई गरिदिन्छ ? कसले बगैंचालाई मलजल गरी सुन्दर बनाइदेला अनि कसले धाराको पाइप बिग्रेको आदि मर्मत गरिदिन्छ ?

ती निम्न आय भएका मजदुरहरुले गर्दा नै अन्य शहरी वातावरणमा हुर्केका मानिसले जीवन सरल र सहज जीवन बाच्न सम्भव भएको कुरा हामीले बिर्सन मिल्दैन। तसर्थ सुकुम्बासी स्वयं समस्या होइन, त्यसलाई व्यवस्थित गर्न नसक्नु समस्या हो। तिनीहरुका सम्बन्धमा सही तथ्यांक राख्न नसक्नु समस्या हो, त्यसलाई नदी किनारबाट कम जोखिमपूर्ण ठाउँमा कसरी सार्न सकिन्छ त्यो समस्या हो। अहिले सरकारले विना कुनै गृहकार्य वा तयारी जसरी २४ घण्टे सूचनाको भरमा डोजर लगायो त्यसले थप समस्या सिर्जना गरेको छ। सरकारले डोजर हान्नु नै समस्याको समाधान हो जस्तो गरी मानवीय भावना र सम्वेदना पटक्कै नदेखाएर जसरी काम गरेको छ, त्यसले सुकुम्बासी समस्या समाधानको सट्टा बल्झने आशंका बढेको छ।

कमसे कम बस्ती सार्न ३५ दिनको सूचना दिनपर्नेमा सो नियमको पालना सरकारले नगरी सुकुम्बासीलाई शत्रु देशको नागरिक जस्तो व्यवहार जुन गरिरहेको छ। यसै कारण अहिले काठमाडौं मात्र नभइ बुटवल, सुर्खेत, झापा, मोरङ, हेटौंडा आदि स्थानहरुमा भूमिहिन तथा सुकुम्बासीहरु आन्दोलित हुन थालेका छन्। उनीहरुको बस्तीमा विना पर्याप्त सूचना र विना वैकल्पिक व्यवस्था डोजर आतंक मच्चाएको विरोधमा भूमिहीन सुकुम्बासीहरु सडकमा आउन बाध्य भएका छन्।

भोलि यो समस्याले विकराल रुप लिई सुकुम्बासीहरुले आन्दोलन चर्काउँदै गर्दा त्यसले विद्रोहको रुप लियो भने दुई तिहाइको बालेन नेतृत्वको सरकारले त्यसलाई थेग्न सक्छ ? रातोपाटीबाट

### सडक खोल्न...

गर्दै रुखमा बाँधेर त्यहाँ बनेका संरचना डोजरले भत्काइएको भनिएको छ। घटनापछि स्थानीय स्तरमा तीव्र विरोध भइरहेको छ। घटनापछि जनमत पार्टीले दोषीमाथि कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय सिरहामा ज्ञापनपत्र नै बुझाएको छ। ज्ञापनपत्रमा गाउँपालिका अध्यक्षसहितको समूहले स्थानीय नागरिकमाथि गैरकानुनी, दमनकारी र मानव अधिकार विपरीत व्यवहार गरेको आरोप लगाइएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।

# हुलाकमार्फत घरमै राहदानी वितरण सेवा सुरु

**प्रवीण कुमार शर्मा**

रौतहट, २९ वैशाख। जिल्ला हुलाक कार्यालय रौतहटले सेवाग्राहीका राहदानी घरमै पुऱ्याउने सेवा सुरु गरेको छ। जिल्ला हुलाक कार्यालय रौतहटका प्रमुख देवनाथ यादव र रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालबीच हुलाकमार्फत सेवाग्राहीको घरमै राहदानी उपलब्ध गराउने सम्झौता भएपछि सेवा सञ्चालनमा आएको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रशासन प्रमुख रामनरेश साहले जानकारी दिनुभयो।

जिल्ला हुलाक कार्यालय रौतहटका प्रमुख यादवका अनुसार मन्त्रिपरिषद्को २०८२ चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीअन्तर्गत बुँदा नं. २७ अनुसार सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी 'गभर्नमेन्ट कुरियर सर्भिस'का रूपमा विकास गर्ने व्यवस्था गरिएको हो। यसअन्तर्गत राहदानी, नागरिकता प्रतिलिपि, सवारी चालक अनुमति पत्रलगायतका सरकारी कागजात घरमै पुऱ्याउने व्यवस्था रहेको छ। सोहीअनुसार रौतहटमा पहिलो चरणमा राहदानी घरमै पुऱ्याउने कार्य सुरु गरिएको उहाँले बताउनुभयो।

घरमै राहदानी प्राप्त हुने भएपछि सेवाग्राहीमा उत्साह देखिएको छ। सेवा शुल्कसहितको भएकाले सबै सेवाग्राहीले यो सेवा नलिने गरेको राहदानी शाखामा कार्यरत कम्प्युटर अपरेटर राष्ट्र गिरीले बताउनुभयो। नजिक घर भएका सेवाग्राही कार्यालयमै आएर राहदानी लैजाने गरे पनि टाढा घर भएकाहरूले हुलाकमार्फत सेवा लिने गरेको उहाँले जानकारी दिनुभयो।

जिल्ला प्रशासन कार्यालय रौतहटमा राहदानी बनाउन आउनुभएका राजपुर नगरपालिकाका रोहितकुमार प्रसादले यो सेवाले आवत–जावत खर्च घट्नुका साथै समयको बचत हुने बताउनुभयो। घरदैलोमै राहदानी लिन इच्छुक सेवाग्राहीले राहदानी फारम भरेकै दिन हुलाक सेवाबाट राहदानी प्राप्त गर्न इच्छुक रहेको व्यहोराको छुट्टै फारम भरेर सोबापत ५५ रुपियाँ अग्रिम जिल्ला प्रशासन कार्यालय रौतहटमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ। दर्ता भएका सेवाग्राहीका राहदानी जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गरी सम्बन्धित सेवाग्राहीलाई घरमै पुऱ्याइने जिल्ला हुलाक कार्यालय रौतहटले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी भुषालले सदरमुकामदेखि टाढा रहेका सेवाग्राहीलाई राहदानी लिनका लागि मात्र सदरमुकाम आउनुपर्ने झन्झट हटेको तथा समय र स्रोतको बचत हुने बताउनुभयो। सरकारले हुलाक सेवामार्फत सरकारी कागजात घरमै पुऱ्याउने निर्णय गरे पनि हुलाक दस्तुर निःशुल्क नभएकाले सेवाग्राहीबाट शुल्क लिएर सेवा प्रदान गरिने जिल्ला हुलाक कार्यालय रौतहटले जनाएको छ। करिब १ हजार ८ सय राहदानी जिल्ला प्रशासन कार्यालय रौतहटमा थन्किएको अवस्थामा रहेकाले ती राहदानी सम्बन्धित सेवाग्राहीको घरदैलोमा पुऱ्याउन सम्बन्धित पालिकासँग समन्वय भइरहेको जिल्ला हुलाक कार्यालय रौतहटका प्रमुख यादवले जानकारी दिनुभयो।

# महिला राष्ट्रिय कबड्डीको फाइनलमा नेपाल प्रहरी

सुनसरी, २९ वैशाख। इनरुवामा जारी प्रथम कोसीटप्पु खुलामहिला राष्ट्रिय कबड्डी प्रतियोगितामा सोमबार भएको पहिलो सेमिफाइनलमा नेपाल प्रहरी फाइनलमा प्रवेश गरेको छ। त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै नेपाल प्रहरी फाइनलको यात्रा तय गरेको हो। प्रतिस्पर्धात्मक सेमिफाइनल खेलमा त्रिभुवन आर्मी क्लबलाई १८–१७ अङ्कले हराउँदै नेपाल प्रहरी फाइनलमा प्रवेशको आयोजक संस्थाका अध्यक्ष तरुणकुमार यादवले जानकारी दिनुभयो। खेलको म्यान अफ दी म्याच नेपाल प्रहरीकी खेलाडी मुस्कान कर्ण हुनुभएको थियो।

त्यसैगरी, सोमबार भएको दोस्रो सेमिफाइनल खेलमा सशस्त्र प्रहरी फाइनलमा प्रवेश गरेको छ। कोसी प्रदेशलाई २५ का विरुद्ध ३३ अङ्कले पराजित गर्दै सशस्त्र प्रहरी फाइनलमा प्रवेश गरेको राष्ट्रिय कबड्डीका अन्तरराष्ट्रिय रेफरी तथा अयोजक संस्थाका अध्यक्ष तरुणकुमार यादवले बताउनुभयो। मंगलबार नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच उपाधिका लागि प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ। पहिलो सेमिफाइनल खेलमा म्यान अफ दी म्याच भएकी कर्णलाई सुनसरीका प्रहरी उपरीक्षक केशवकुमार थेवेले हस्तान्तरण गर्नुभएको थियो।

प्रतियोगितामा उपाधि विजेताले रु एक लाख र ट्रफी, दोस्रो हुनेले रु ५० हजारसहित ट्रफी र तेस्रो हुने दुई वटा समूहलाई रु २५/२५ हजारसहित ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ।

# कलैयाका सात पसलमा छड्के अनुगमन

बारा, २९ वैशाख। बाराको कलैयामा सोमबार सात वटा पसलमा छड्के अनुगमन गरिएको छ। अनुगमनका क्रममा दुई वटा मिठाइ पसललाई जरिवाना गरिएको छ। संयुक्त बजार अनुगमन समितिका अध्यक्ष तथा जिल्ला प्रशासन कार्यालय बाराका सहायक प्रमुख जिल्ला अधिकारी छविरकण भट्टराईको नेतृत्वमा खटिएको टोलीले विभिन्न पसलको अनुगमन गरेको हो।

अनुगमनका क्रममा कलैया उपमहानगरपालिका–६ बरियारपुर रोडस्थित माँ अन्नपूर्ण स्वीट्स एण्ड बेकरीमा गुणस्तरहीन मम, हाइड्रो तथा बिरयानी बनाउने सामग्री भेटिनुका साथै मूल्य सूचीसमेत नराखिएको पाइएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३९ ( घ) बमोजिम रु ५० हजार जरिवाना गरिएको सहायक प्रमुख जिल्ला अधिकारी भट्टराईले जानकारी दिए।

त्यसैगरी, कलैया–५ स्थित केसर स्वीट्समा म्याद गुज्रिएको आइसक्रिम र मम फेला परेपछि रु २० हजार जरिवाना गरिएको अनुगमन टोलीले जनाएको छ। अनुगमनका क्रममा कलैया–४ बरियारपुर रोडस्थित रोशन बाबु जेनेरल स्टोरमा म्याद गुज्रिएको खाने तेल फेला परेपछि उक्त तेल पसल अगाडि नै नष्ट गरिएको सहायक प्रजिअ भट्टराईले उल्लेख गरे।

कलैया–४ बरियारपुर रोडस्थित नेपाल डेरी उद्योग, एक मासु पसल र अदालत रोडस्थित सत्या होटललाई आवश्यक कागजातसहित तीन दिनभित्र जिल्ला प्रशासन कार्यालय बारामा उपस्थित हुन निर्देशन दिइएको छ। दुर्गा खाजा घरमा काटा ( नापतौल) सम्बन्धी अनुमतिपत्र नभएको पाइएपछि नापतौल कार्यालय वीरगन्जमा तीन दिनभित्र उपस्थित हुन निर्देशन दिइएको छ। नवल सेकुवामा मूल्यसूची नराखिएको पाइएपछि चेतावनी दिइएको अनुगमन टोलीले जनाएको छ।

उक्त अनुगमन टोलीमा सहायक प्रजिअ भट्टराईसहित घरेलु तथा साना उद्योग कार्यालय बाराका प्रमुख देवेन्द्र झा, जिल्ला प्रशासन कार्यालय बाराका प्रशासकीय अधिकृत दीपेन्द्रप्रसाद यादव, प्रशासन शाखाका रत्न स्याङ्तान, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगन्जका आशुतोष कुशवाह, खाद्य प्रविधिका जगत चौधरी, गुणस्तर कार्यालयका जोखन चौहान, उपभोक्ता अधिकार मञ्चका अरुण खनाल, जिल्ला प्रहरी कार्यालय बाराका प्रतिनिधि शिवशंकर साह तथा सञ्चारकर्मीको सहभागिता थियो।

# सशस्त्र प्रहरी निरीक्षक र सरकारी साक्षीविरुद्ध मुद्दा

काठमाडौँ, २९ वैशाख। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौँमा आज दुई छुट्टाछुट्टै भ्रष्टाचार मुद्दामा आरोपपत्र दायर गरेको छ। सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस नक्टाझिज, धनुषामा कार्यरत सशस्त्र प्रहरी निरीक्षक वकिल अधिकारीविरुद्ध ४० हजार रुपियाँ बिगो कायम गरी मुद्दा दायर गरिएको छ। कमला–ढल्केवर–बाग्मती सडक निर्माण खण्ड अन्तर्गत माटो तथा ग्राभेल फिलिङ्ग कार्यमा प्रयोग हुने सवारी साधनहरू रोक्ने तथा फिल्डमा माटो र ग्राभेल झार्न नदिई विभिन्न बहाना बनाई सेवाग्राहीसँग घुस माग गरेको पुष्टि भएको आयोगले जनाएको छ।

अख्तियारको बर्दिवास कार्यालयबाट खटिएको टोलीले अधिकारीलाई ४० हजार रुपियाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो। निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो बमोजिम जरिवाना र कैद सजाय मागदाबी गरिएको छ।

**सरकारी साक्षीविरुद्ध मुद्दा**

अख्तियारले सरकारी साक्षी सुमित्रा कुमारी घिमिरे पुडासैनीविरुद्ध पनि विशेष अदालतमा आरोपपत्र दायर गरेको छ। प्रतिवादी चन्द्रबहादुर अधिकारीसमेत भएको घुस मुद्दामा अनुसन्धानका क्रममा सहयोग गरेको भन्दै भ्रष्टाचार निवारण ऐनको दफा ५५ बमोजिम सजायमा पूर्ण छुट दिई पुडासैनीलाई सरकारी साक्षीका रूपमा प्रस्तुत गरिएको थियो। तर, पुडासैनीले विशेष अदालतमा बकपत्र गर्दा आयोगमा गरेको बयान र आरोप मागदाबीको प्रतिकूल हुने गरी बयान दिएको पुष्टि भएको छ।

चन्द्रबहादुर अधिकारीले लिएको घुसबापतको रकमको चेक सुमित्रा कस्मेटिक एन्ड फेन्सीको नाममा काटिएको र उक्त चेक सटहीका लागि बैंकसम्म गएको देखिएकाले उनले भ्रष्टाचारमा मद्दत गरेको आयोगको ठहर छ। जिल्ला गोरखा, बारपाक सुलिकोट गाउँपालिका–७ स्थायी वतन भई हाल चन्द्रागिरी नगरपालिका–५ बस्ने पुडासैनीलाई ५० लाख रुपियाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद र बिगो बमोजिम जरिवाना माग गरिएको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो।

# तलब माग्दै चिकित्सक आन्दोलित

**नागेन्द्रकुमार कर्ण**

महोत्तरी, २९ वैशाख। महोत्तरीको जलेश्वरमा रहेको प्रादेशिक अस्पतालमा कार्यरत अस्थायी र करारका चिकित्सक तथा स्वास्थ्यकर्मीले तलब भत्ता माग गर्दै आन्दोलन गरेका छन्। प्रादेशिक अस्पताल जलेश्वरका अस्थायी र करारका चिकित्सक तथा स्वास्थ्यकर्मीले आफूहरूले तीन महिनादेखि तलब तथा लुगा भत्ता उपलब्ध नगराएपछि आन्दोलन गर्न बाध्य हुनु परेको बताएका छन्।

प्रादेशिक अस्पताल जलेश्वरका कन्सल्टेन्ट जनरल सर्जन डा. राजीव अधिकारीले तीन महिनादेखि अस्पताल प्रशासनले आफूहरूलाई तलब भत्ता नदिएको बताउँदै बढ्दै गएको महँगी तथा पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिले सवारीबाट आवतजावत गर्न र जीविका चलाउन समस्या भइरहेकाले आफूहरू आन्दोलित हुनु परेको बताउनुभयो।

उहाँले भन्नुभयो, "बिरामीसँग हेलचेक्र्याइँ गर्न खोजेका छैनौँ, पटक पटक हामीले आफ्नो तलब भत्ता माग गर्दै आएका छौँ तर अहिलेसम्म तलब नपाउँदा घर चलाउनसमेत समस्या भइरहेकाले आफूहरू बाध्य भएर आन्दोलित हुनु परेको छ।" प्रादेशिक अस्पताल जलेश्वरमा अस्थायी र करारका चिकित्सक तथा कर्मचारी अस्पतालमा उपस्थित भएर हाजिर गरी आन्दोलनमा बस्ने गरेका छन्। प्रादेशिक अस्पतालमा रहेका आधा दर्जनभन्दा बढी विशेषज्ञ चिकित्सक, चिकित्सक तथा करिब तीन दर्जनभन्दा बढी पारामेडिक्स, नर्सिङ तथा अन्य स्वास्थ्यकर्मीको आन्दोलनले बिरामीको जाँचमा समस्या भएको छ। अस्पताल प्रशासनले एक सय शय्याको अस्पतालमा अस्थायी दरबन्दीमा रहेका २२ र ५० शय्याको अस्पतालका लागि अस्थायी दरबन्दीमा रहेका २५ गरी जम्मा ४७ जना विशेषज्ञ चिकित्सक, चिकित्सक तथा स्वास्थ्य कर्मचारी आन्दोलनमा रहेको जनाएको छ।

प्रादेशिक अस्पताल जलेश्वरका अर्थोपेडिक सर्जन डा. सुनीलकुमार साहले इमर्जेन्सीबाहेक अस्पतालका सम्पूर्ण शाखामा सेवा दिन असमर्थ रहेको जानकारी दिँदै तत्काल तलब भुक्तानीका लागि पहल गरिदिन सम्पूर्ण सरोकारवाला निकायलाई अनुरोध गर्नुभएको छ। प्रादेशिक अस्पताल जलेश्वरका निमित्त कार्यालय प्रमुख डा. रवि श्रीवास्तवले आफूले पटक पटक प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई तलब भत्ताको अपुग रकमको विषयमा मन्त्रालयलाई पत्राचार गरी जानकारी गराए पनि समस्या समाधान नभएको बताउनुभयो।

विशेषज्ञ चिकित्सक, चिकित्सक तथा स्वास्थ्यकर्मी आन्दोलनमा उत्रेपछि उपचारका लागि अस्पताल आउने बिरामी उपचार नगरी घर फर्किनु परेको छ। अस्पतालमा उपचारका लागि आउने बिरामी मर्कामा परेका छन्। सोमबार दाँतको थप उपचार गराउन प्रादेशिक अस्पताल जलेश्वर पुगेका जलेश्वर नगरपालिका–४ का मुस्कान खातुनले आन्दोलनका कारण आफू उपचार गराउनबाट वञ्चित हुनु परेको बताउनुभयो। उहाँले भन्नुभयो, "बिदाका कारण दुई दिन अस्पताल बन्द थियो।" उहाँले सोमबार दाँतको थप उपचारका लागि अस्पताल पुग्दा आन्दोलनका कारण चिकित्सकले उपचार नगरिदिएपछि आफू मर्कामा परेको बताउनुभयो।

# पथलैया–अमलेखगञ्ज खण्डमा 'ओभरपास' निर्माणको प्रस्ताव

वीरगञ्ज, २९ वैशाख। पर्सा राष्ट्रिय निकुञ्जले त्रिभुवन राजपथअन्तर्गत पथलैया–अमलेखगञ्ज सडक विस्तारका क्रममा आठ किलोमिटर दूरीमा जनावर वारपार गर्नका लागि दुई वटा 'ओभरपास' निर्माण गर्न सडक विभागसँग प्रस्ताव गरेको छ। सो खण्डमा सवारीसाधन अत्यधिकमात्रामा गुड्ने हुँदा विभिन्न समयमा वन्यजन्तुको प्राकृतिक स्थान तथा वन्यजन्तु दुर्घटनामा पर्ने जोखिम रहेकाले सडक विस्तारका क्रममा कम्तीमा दुई वटा ओभरपास निर्माण गर्नका लागि सुझाव दिएको हो।

पर्सा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी सन्तोषकुमार भगतले निकुञ्ज क्षेत्र अतिसंवेदनशील हुने भएकाले पनि सडक विस्तार गर्दा जनावरमैत्री र जनावरको सुरक्षामा विशेष ध्यान दिनका लागि अनुरोध गर्नुभयो। "सवारीसाधनको ठक्करले राजमार्गमा दुई दर्जनभन्दा बढी वन्यजन्तुको मृत्यु भएको छ", उहाँले भन्नुभयो, "निकुञ्जको कोरएरिया पर्ने आठ किलोमिटरमा ओभरपास निर्माण गरेको खण्डमा दुर्घटनाबाट हुने क्षतिलाई केही न्यूनीकरण गर्न सकिन्थ्यो।"

अमलेखगञ्ज–पथलैया सडकखण्डमा बेलाबखत हात्तीले सवारीसाधनलाई लखेट्ने तथा

–बाँकी अन्तिम पेजमा

# ज्याला निर्धारण गर्न हरवाचरवाको माग

सप्तरी, २९ वैशाख। हरवाचरवा परिचयपत्र नहुँदा उचित ज्याला, मर्यादित श्रम र सुरक्षासमेत पाउन नसकेको सरोकारवालाले गुनासो गरेका छन्। मुक्त हरवाचरवा अधिकार मञ्चले सोमबार राजविराजमा आयोजना गरेको 'हरवाचरवा श्रमिकको अवस्था, ज्याला, मर्यादित श्रम र सुरक्षा' विषयक जिल्लास्तरीय कार्यशाला गोष्ठीमा यस्तो गुनासो गरिएको हो।

कार्यक्रममा राष्ट्रिय दलित नेटवर्कका कार्यकारी निर्देशक हुकुम सार्कीले साहुको खेतबारीमा काम गर्ने र वस्तुभाउ चराएपछि पाउने न्यून ज्यालाका कारण हरवाचरवा परिवारलाई पेट पाल्नसमेत समस्या भइरहेको उल्लेख गर्दै सरकारले सम्मानजनक पारिश्रमिक निर्धारण गर्नुपर्ने माग गर्नुभयो।

मुक्त हरवाचरवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशन मण्डलले राज्यले श्रम अनुसारको ज्याला निर्धारण गरी कडाइसाथ कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। दी फ्रिडम फन्डका कानुनी सल्लाहकार बालाराम भट्टराईले सरकारले २०७९ साउन २ गते औपचारिक रूपमा हरवाचरवा मुक्तिको घोषणा गरेको भए पनि तथ्याङ्क सङ्कलन र परिचयपत्रको व्यवस्था नहुँदा उहाँहरूले उचित पारिश्रमिक पाउन नसकेको बताउनुभयो। गोष्ठीमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रका कार्यकारी निर्देशक विनोदानन्द चौधरीले मधेशका आठै जिल्लामा एक लाखभन्दा बढी हरवाचरवा भए पनि सरकारीस्तरबाट त्यसको तथ्याङ्क सङ्कलन र परिचयपत्र वितरण नहुँदा थप रणनीति बनाउन समस्या भएको बताउनुभयो।

उहाँले मधेश सरकारले कार्यविधि बनाए पनि कार्यान्वयनमा नजाँदा आठै जिल्लाका हरवाचरवाको यकिन तथ्याङ्क भन्न नसकिने भएकाले स्थानीय सरकारबाट नै त्यसको सुरुवात हुनुपर्नेमा जोड दिनुभयो। फ्रिडम फन्डका कार्यक्रम सल्लाहकार ब्रह्मदेव रामले सप्तरीका १८ वटै पालिकालाई हरवाचरवाको पहिचान, अभिलेखीकरण र परिचयपत्र वितरणका लागि पटक पटक छलफल गरिएको बताउनुभयो। उहाँले अहिलेसम्म सप्तरीका रूपनी, तिरहुत गाउँपालिका र शम्भुनाथ, डाक्नेश्वरी, खडक नगरपालिकाले यसका लागि प्रक्रिया सुरु गरेको जानकारी दिनुभयो।

दी फ्रिडम फन्डको सहयोग तथा जनचेतना दलित सङ्गम सप्तरी, श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरी, सामुदायिक सुधार केन्द्र धनुषा, दलित जनकल्याण युवा क्लब सिराहा र राष्ट्रिय दलित नेटवर्कको समन्वय र सहकार्यमा कार्यक्रम आयोजना गरिएको हो। मुक्त हरवाचरवा अधिकार मञ्चका केन्द्रीय कोषाध्यक्ष राजवती मण्डल, गैसस महास सप्तरीका उपाध्यक्ष बलदेव मण्डल, सामुदायिक सुधार केन्द्रका सतीशकुमार ठाकुर, काशिन्द्र महरालगायतले हरवाचरवालाई सम्मानपूर्वक जीवनयापनका लागि राहतका विशेष कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभएको थियो।

कार्यक्रममा सप्तरीका १८ वटै पालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, प्रशासकीय अधिकृत, प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक र प्रमुख अतिथिका रूपमा जिल्ला समन्वय समिति प्रमुखलाई निम्तो गरिए पनि नआएको भन्दै गुनासो गरिएको थियो। सबै पालिकामा हरवाचरवाको तथ्याङ्क सङ्कलन, परिचयपत्र विरतरण ज्यालादर निर्धारण र त्यसको कार्यान्वयनको उद्देश्यसहित कार्यक्रम गरिएको थियो। मञ्चका केन्द्रीय अध्यक्ष मण्डलले भन्नुभयो, "हाम्रो समस्या र गुनासो बुझिदिने कोही भएन।"

# घुस लिएको अभियोगमा प्रहरी निरीक्षकविरुद्ध मुद्दा दायर

काठमाडौँ, २९ बैशाख। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस धनुषामा कार्यरत सशस्त्र प्रहरी निरीक्षक वकिल अधिकारीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। कमला ढल्केबर बागमती सडक निर्माण खण्डमा माटो तथा 'ग्राभेल फिलिङ' कार्यमा प्रयोग हुने सवारीसाधन रोक्ने तथा 'फिल्ड'मा माटो झार्न नदिई सेवाग्राहीसँग रु ४० हजार घुस लिँदै गरेको अवस्थामा पक्राउ गरी अभियोग पत्र दायर गरिएको हो। आयोगले आरोपी अधिकारीविरुद्ध बिगोबमोजिम कारबाही माग गर्दै मुद्दा दायर गरिएको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए।

यस्तै, नेपाल सरकार प्रतिवादी चन्द्रबहादुर अधिकारी समेतको घुससम्बन्धी मुद्दामा सरकारी साक्षीका रूपमा बयान दिँदा प्रतिकूल हुनेगरी दिएको पाइएकाले सुमित्राकुमारी पुडासैनीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको छ। आयोगले पुडासैनीविरुद्ध रु ५० लाख बराबरको बिगो दाबी गर्दै आज विशेष अदालतमा मुद्दा दायर गरेको अख्तियारद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

### पथलैया–अमलेखगञ्ज...

मानव र वन्यजन्तुबीच द्वन्द्व पनि हुने गरेको छ। चालु आर्थिक वर्षको चैतसम्म सवारी दुर्घटनामा परेर एउटा चितुवाको मृत्यु भएको निकुञ्ज कार्यालयले जनाएको छ। पथलैया–अमलेखगञ्ज सडकखण्डमा सवारी दुर्घटनामा परेर दुई वटा जरायो, पाँच वटा चित्तल र १५ वटा बाँदरको मृत्यु भएको निकुञ्जका सूचना अधिकारी भगतले जानकारी दिनुभयो। प्राकृतिक कारणले अन्य तीन वटा जनावरको मृत्यु भएको छ।

# विपन्न र अपाङ्गता भएका समुदायका लागि चार पालिकामा 'आशा' कार्यक्रम

**धर्बेन्द्र झा**

जनकपुरधाम, २९ वैशाख। अपाङ्गता भएका, अति विपन्न तथा जोखिममा रहेका समुदायको जीविकोपार्जन तथा आर्थिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मधेश प्रदेशमा 'आशा : समावेशी जीविकोपार्जन र आर्थिक सशक्तीकरण' परियोजना शुभारम्भ भएको छ। नेपाल सरकारसँगको समन्वय एवं अस्ट्रेलिया एड र सिबिएमको आर्थिक तथा प्राविधिक सहयोगमा लाइफ नेपाल र अपाङ्ग समाज जनकपुरधामले सञ्चालन गर्ने सो परियोजनाको मधेश प्रदेशका सभामुख रामअशिष यादवले जनकपुरधाममा आयोजित एक कार्यक्रमबिच शुभारम्भ गर्नुभयो।

कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख यादवले लोकतन्त्रमा आफ्नो अधिकार सुनिश्चित गर्न आफैँ स र्षरत रहनुपर्ने बताउँदै अपाङ्गताका मुद्दा स्थापित गर्न सजग र सचेत रहन जोड दिनुभयो। "परियोजनाको नाम नै 'आशा' रहेकाले कार्यान्वयनका क्रममा लक्षित वर्ग निराश हुन नपरोस् भन्नेतर्फ सबै सचेत हुनुपर्छ," उहाँले भन्नुभयो। लाइफ नेपालकी कार्यक्रम संयोजक पूजा शर्माले परियोजनाका बारेमा जानकारी दिँदै पहिलो चरणमा धनुषाका मिथिला, क्षीरेश्वरनाथ, हंसपुर नगरपालिका र लक्ष्मीनियाँ गाउँपालिका गरी चार वटा पालिकामा कार्यक्रम सञ्चालन हुने बताउनुभयो। सन् २०२६ अप्रिलदेखि सन् २०३० मार्चसम्म चल्ने यस परियोजनाबाट प्रत्यक्ष रूपमा तीन हजार व्यक्ति लाभान्वित हुने अपेक्षा गरिएको छ।

परियोजनाले अपाङ्गता भएका र जोखिममा रहेका व्यक्तिको सामाजिक सुरक्षा, मानसिक स्वास्थ्य र पुनःस्थापना सेवामा पहुँच बढाउने लक्ष्य राखेको छ। साथै, स्थानीय योजना तर्जुमामा समावेशी सहभागिता, बजार प्रणालीको विकास र जलवायु उत्थानशील कृषिमार्फत अपाङ्गता मैत्री खेती प्रणाली प्रवर्धन गर्ने योजना रहेको छ। लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरको अध्यक्षतामा भएको सो कार्यक्रममा सिबिएमका कन्ट्री डाइरेक्टर राजन भट्टराईले परियोजना सफल बनाउन सबैको सहयोग आवश्यक रहेको उल्लेख गर्नुभयो। कार्यक्रममा सम्बन्धित पालिकाका प्रमुखहरू र लक्षित समुदायका प्रतिनिधिहरूको सहभागिता थियो।

# आगलागी पीडित परिवार खुला आकाशमुनि बस्न बाध्य

**सुधा देव**

सप्तरी, २९ वैशाख। सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–६ बभनगामामा शनिबार राति भएको आगलागीमा १० परिवारका २१ घर जलेर नष्ट भएपछि पीडित परिवार खुला आकाशमुनि बस्न बाध्य भएका छन्। स्थानीयहरू छिमेकीको घरमा भइरहेको विवाह भोजमा सहभागी भएको बेला अचानक विद्युत सर्ट भई आगलागी हुँदा १० परिवारका २१ घर जलेर खरानी भएका हुन्। गाउँपालिकाका अनुसार आगलागीबाट करिब ५० लाख रुपियाँ बराबरको क्षति भएको छ। आगलागीमा लत्ताकपडा, गरगहना, नगद, अन्नपातलगायत सम्पूर्ण सामग्री जलेर नष्ट भएपछि पीडित परिवार अहिले बिचल्लीमा परेका छन्। बन्धक राखिएको जग्गा छुटाउन श्रीमानले मलेसियाबाट पठाएको २ लाख



रुपियाँसमेत आगलागीमा जलेर नष्ट भएपछि परिवार थप समस्यामा परेको अग्निपीडित पिकी यादवले बताउनुभयो। उहाँले भन्नुभयो, "बन्धक राखिएको जग्गा कसरी छुटाउने भन्ने चिन्तामा थिएँ, त्यसमाथि आगलागीले सबै नष्ट गरेपछि अब कसरी बाँच्ने भन्ने चिन्ताले सताएको छ।"

यसैबिच, अग्निपीडितलाई ह्याबिट्याट फर ह्युमानिटीको सहयोगमा सोमबार सेभ द सप्तरीले तत्काल आवश्यक सामग्री सहयोग गरेको संस्थाका अध्यक्ष ध्रुव देवले बताउनुभयो। तिलाठी कोइलाडी गाउँपालिकाले पनि पीडितलाई चामल, दाल, भुजा, चिउरा, नुन, तेललगायत खाद्यान्न सामग्री तत्काल उपलब्ध गराएको गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलले जानकारी दिनुभयो। उहाँले खुला आकाशमुनि बस्न बाध्य पीडितलाई त्रिपालसमेत उपलब्ध गराइएको बताउनुभयो।

घर, अन्नपात र जीवनभरको आधार गुमाएका पीडितहरू अहिले असुरक्षित अवस्थामा रात बिताउन बाध्य छन्। स्थानीयले तत्काल राहतसँगै सुरक्षित आवास निर्माण, खाद्यान्न र दीर्घकालीन पुनःस्थापनातर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने माग गरेका छन्।

# मधेसमा कुपोषण हटाउन भान्साघरको व्यवस्थापन र बानीव्यहारमा परिवर्तन आवश्यकः मुख्यमन्त्री यादव

महोत्तरी, २९ बैशाख। मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेसमा व्याप्त कुपोषणको समस्या समाधानका लागि नागरिकको बानीव्यवहारमा परिवर्तन ल्याउनु आवश्यक रहेको बताएका छन्। मधेस प्रदेशको स्वास्थ्य सेवा निर्देशनालय सपही धनुषाले लालगढमा सोमबारदेखि सुरु गरेको तीनदिने 'मधेस प्रदेशस्तरीय पोषण नीति संवाद तथा शिखर सम्मेलन–२०८३' उद्घाटन गर्दै उनले यस्तो धारणा राखेका हुन्।

मुख्यमन्त्री यादवले मधेसका प्रत्येक घरको भान्साघर व्यवस्थित गर्न सके कुपोषणको अवस्थामा ठूलो सुधार आउने उल्लेख गरे। खाद्य सामग्री उत्पादनका दृष्टिले मधेस अन्य प्रदेशको तुलनामा धेरै अगाडि भए पनि उत्पादित सामग्रीको सही ढङ्गले उपयोग हुन नसक्दा यहाँ कुपोषण एउटा गम्भीर समस्याका रूपमा देखिएको उनको भनाइ छ। स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खानाको सही पहिचान र प्रयोगमा जोड दिनुपर्ने उनले बताए।

कार्यक्रममा मधेस प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्यामन्त्री जङ्गीलाल रायले तीनदिने शिखर सम्मेलनले मधेसमा कुपोषणका कारण देखिने पुड्कोपन, ख्याउटेपन र रक्तअल्पता जस्ता समस्या निदानका लागि ठोस निष्कर्ष दिने विश्वास व्यक्त गरे। मन्त्री रायले पोषणसम्बन्धी कार्यक्रमहरूको अनुगमन पाटोलाई प्रभावकारी बनाउन सम्मेलनमार्फत ठोस कार्यतालिका निर्माण गर्नुपर्ने सुझाव समेत दिएका छन्।

मधेस प्रदेश सरकारका स्वास्थ्य सचिव डा. प्रमोदकुमार यादवका अनुसार सम्मेलनमा पोषण नीतिबारे विज्ञहरूबीच गहन संवाद गरी रणनीतिक निष्कर्ष निकालिनेछ।

नशा होइन समाधान
यसले खोस्छ सबै इज्जत–सम्मान
परिवार अनि भविष्य सम्झेर लागुऔषधलाई
"हुदैन" भान।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)